# चन्दननाथ नगरपालिका

खलंगाबजार, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/१२/०८

**भाग-२**

**चन्दननाथ नगरपालिकाको दशौं नगरसभाबाट स्वीकृत (२०७९।०९।२७)**

## दिसाजन्य लेदो व्यवस्थापनमा सरसफाइकर्मीको पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धि

## कार्यविधि - २०७९

## प्रस्तावना :

नेपालको संविधान २०७२ ले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुविधालाई नागरिकको मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाइको दायरा फराकिलो भई प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाइलाई राष्ट्रिय विकासको अभिन्न अंङ्गको रुपमा लिन थालिएको छ । यस सन्दर्भमा पूर्णसरसफाइलाई महत्व दिई कार्यक्रमहरु संचालन गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी चन्दननाथ नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

# परिच्छेद - १
# प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "दिसाजन्य लेदो व्यवस्थापनमा सरसफाइकर्मीको पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धि कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

## २. परिभाषा :

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "कार्यविधि" भन्नाले दिसाजन्य लेदो व्यवस्थापनमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्बन्धि कार्यविधि भन्ने बुझ्नु पर्दछ ।

ख) "दिसाजन्य लेदो व्यवस्थापन/मानव मलमूत्रजन्य लेदो व्यवस्थापन" भन्नाले दिसाजन्य लेदोलाई संकलन गर्ने, रित्याउने, ढुवानी र्ने र त्यसपछि सुरक्षित विसर्जन वा पुन:प्रयोग गर्ने समग्र प्रक्रिया बुझ्नु पर्दछ ।

ग) "व्यवसायजन्य सुरक्षा/पेसागत सुरक्षा" भन्नाले कार्यस्थलमा खटिरहेको अवस्थामा खतरा र चोटपटकबाट बच्ने उपाय भन्ने बुझ्नुपर्दछ ।

घ) "व्यवसायजन्य स्वास्थ्य/पेसागत स्वास्थ्य" भन्नाले सेवा प्रदायकले कार्यस्थलमा सरसफाइकर्मीको शारीरिक एवम् मानसिक स्वास्थ्यको संरक्षण गर्ने भन्ने बुझ्नुपर्दछ

ङ) "खतरा" भन्नाले कुनै वा कोहिमाथि कुनै पनि प्रकारको संभावित क्षती, चोटपटक वा स्वास्थ्यमा प्रतिकूल असरलाई बुझ्नुपर्दछ ।

च) "जोखिम" भन्नाले खतरा मोल्दा कोही व्यक्तिमाथि हुन सक्ने हानीको संभावनालाई बुझ्नु पर्दछ ।

छ) "सरोकारवाला" : भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई बुझाउछँ ।

ज) "सफाइ कर्मी" भन्नाले चर्पी सफाइ गर्ने, खाल्डो वा सेप्टिक ट्यांकी खाली गर्ने, ढल तथा मंगाल सफा गर्ने र सरसफाइ सेवा श्रृंखला अन्तर्गत सफाइ, मर्मत, संचालन र रित्याउने कार्य जस्ता सरसफाइ व्यवसायमा संलग्न जनशक्ति/व्यक्ति भनेर बुझ्नु पर्दछ ।

झ) "सरसफाई" भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई बुझिन्छ । यस शब्दले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई समेत बुझाउँदछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य नै सफाइ हो ।

ञ) "स्वच्छता" भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार राक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरुलाई बुझिन्छ । स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउँछ

ट) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिकोयोजना तर्जुमा र निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेकोअवस्था बझुाउँछ ।


ठ) “बानी व्यवहार परिवर्तन” भन्नाले शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी व्यवस्थापन लगायत अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रियालाई बुझाउँछ ।

## ३. पृष्ठभूमिः

नेपाल बिक्रम सम्बत २०७६ साल असोजमा खुल्ला दिसामुक्त राष्ट्र घोषित भएको थियो । खुल्ला दिसामुक्त राष्ट्र घोषणा भएदेखि नेपाल सरकारले अभियानलाई तिब्रता दिइरहेको छ । नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन २०७३ मा उल्लेख भएका ७ वटा सूचकहरु मध्ये वातावरणीय सरसफाइमा दिसाजन्य लेदो तथा ठोस फोहोर व्यवस्थापन तिर केन्द्रित छ । एक तथ्यांक अनुसार नेपालभरी लगभग ५०% शौचालयहरु  सन् २०१४ भन्दा अगाडी निर्माण भएका छन् र तीं शौचालयका सेप्टिक ट्याङ्क/ खाल्डाहरु चाडै नै भरिने अवस्थामा रहेको वा तुरुन्त खाली गर्न पर्ने अवस्थामा पुगेका छन् ।

स्थानीयस्तरमा विभिन्न दिसाजन्य फोहोर व्यवस्थापन गर्न सेवा प्रदायकहरुबाट सेवा प्रदान भइरहेको अवस्था रहेता पनि ती सेवाप्रदायकहरुबाट श्रमिकहरुको पेशागत स्वास्थ्य सुरक्षामा कत्तिको ध्यान दिइएको छ भन्ने प्रश्न महत्वपूर्ण रहेको छ । नियमित तथा निश्चित समयमा चर्पीको खाल्डो खाली गर्नु पर्ने हुन्छ । खाल्डो रित्याउँदा, ढुवानी गर्दा, विर्सजन वा प्रशोधन गर्दा जहिले पनि घरायसी वातावरण, सार्वजनिक क्षेत्र, ढुवानी मार्गहरुमा यस कार्यमा संलग्न हुने श्रमिक तथा कर्मचारीहरुलाई संक्रमण तथा दुर्घटना हुने संभावना रहन्छ । तसर्थ खाल्डो रित्याउँदा, ढुवानी गर्दा र विर्सजन गर्दा सावधानी पूर्वक, सुरक्षित, स्वस्थकररुपमा व्यवस्थित तरिकाले गर्नु पर्दछ । निजि क्षेत्रका सेवा प्रदायकहरु तथा केही स्थानीय तहहरुले पनि यो सेवा प्रदान गरिरहेको छन् । तर पनि यस कार्यमा संलग्न हुने व्यक्तिहरु  सीमित समुदायबाट मात्र रहेका छन् ।

नेपाल सरकारले दिसाजन्य फोहोरको संकलन तथा ढुवानीमा आइपर्ने समस्या समाधान गर्न उच्च प्राथमिकता दिएको छ । यो कार्यविधिको उद्देश्य यसरी संकलन देखि ढुवानी हुँदै विसर्जन सम्ममा हुने विभिन्न जोखिमहरुको न्यूनीकरण गर्ने रहेको छ । यो कार्यविधिको मूल ध्येय दिसाजन्य लेदो व्यवस्थापनमा काम गर्ने सेवा प्रदायकहरुलाई पेसागत स्वास्थ्य सुरक्षासँग सम्बन्धि वातावरण संरक्षण गर्न र यसमा रहेका चुनौतीहरुको व्यवस्थापन गर्ने रहनेछ । साथै विभिन्न क्षेत्रमा रहेको ज्ञान तथा सिकाइहरुको माध्यमबाट अव्यवस्थित दिसाजन्य लेदो व्यवस्थापनबाट हुने प्रदुषण र संक्रमणहरु कमी र नियन्त्रण गर्न सहयोग रहनेछ ।



*चित्र १: दिसाजन्य फोहोर व्यवस्थापन सेवा विधि*

## ४. चन्दननाथ नगरपालिकाको परिचय




वि.सं २०७१ सालमा स्थापित भएको चन्दननाथ नगरपालिका कर्णाली प्रदेशको जुम्ला जिल्लाको एउटा मात्र नगरपालिका हो । देशमा संघीयता प्रणाली लागु भएपछि तत्कालीन चारवटा गाउँ विकास समिति ( महत, तलिउम, कार्तिकस्वामी र चन्दननाथ) लाई समेटेर यो नगरपालिका गठन भएको थियो । जुम्ला जिल्लाको सदरमुकाममा अवस्थित यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन् । कूल ४२७१ घरधुरी रहेको छ । यस नगरपालिकामा जम्मा २२०३० जनसंख्या रहेको छन् (श्रोतः नगर पार्श्वचित्र २०७४)

## ५. सुशासन र उचित वातावरण

शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र स्वच्छततालाई प्राथमिकतामा राखेको चन्दननाथ नगरपालिकाले आफ्नै शहरी सरसफाइ योजना बनाएको छ, जसमा नगरको सरसफाइ विकासका लागि परिकल्पना, लक्ष्य र कार्यक्रमका क्षेत्रहरू र रणनीतिहरू समावेश गरिएका छन् । यसका साथै चन्दननाथ नगरपालिकाले दिगो विकासका लक्ष्य र यस संग सम्बन्धित खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यक्रम संचालन गर्न विभिन्न नीति, निर्देशिका, विनियम, कार्यविधि एवं रणनीतिहरु तयार गरेको छ । सरसफाई सेवा प्रदायकहरुका लागि सुरक्षित वातारण सम्बन्धि सचेतना प्रदान गर्न, आइपर्ने विभिन्न जोखिमहरु नियन्त्रण एवं न्यूनिकरणका लागि उचित सुझावहरु प्रदान गर्न, स्वास्थ्य र वातावरण मैत्री दिसाजन्य लेदो व्यवस्थापनका अभ्यासहरु र यसका प्रकृयाहरुको प्रवर्द्धन गर्न, सरसफाइकर्मीहरुको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धि कार्य संचालनका लागि यो कार्यविधि तयार पारिएको छ ।

चन्दननाथ नगरपालिकामा गुणस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छताको सेवाको उपलब्धता सुनिश्चित गर्न एक जना खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि जिम्मेवार व्यक्ति सहितको सक्रीय खानेपानी, सरसफाई तथा स्वच्छता (Water Sanitation and Hygiene – WASH) इकाई रहेको छ । नगरपालिकामा वडा अध्यक्ष, स्वास्थ्य र शिक्षा विभागका प्रतिनिधिहरू सम्मिलित एक सक्रिय नगरपालिका स्तरीय खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समिति गठन गरिएको छ । नगरपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) समन्वय समिति सबै खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सम्बन्धित गतिविधिहरूको योजना, समन्वय र व्यवस्थापनको लागि जिम्मेवार हुनेछ । नगरपालिकामा रहेका स्वास्थ्य र शिक्षा विभागहरूले आफ्नो अधिकार क्षेत्रभित्र संचालित खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सेवाहरुमा जनचेतना जगाउने जिम्मेवारी बहन गरेका छन् ।

# परिच्छेद - २
# परिचय

यस कार्यविधिलाई एउटा व्यवहारिक दस्तावेजको रुपमा प्रस्तुत गरिएको छ । यो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजना कार्यान्वयनको क्रममा गरिएको आधारभूत सर्भेक्षण र मध्यावधि समीक्षाबाट प्राप्त निश्कर्षका आधारमा तयार पारिएको छ । यो कार्यविधि दिसाजन्य लेदो व्यवस्थापन व्यवसायमा संलग्न सेवा प्रदायकहरुको लागि सुरक्षित र स्वस्थ वातावरण प्रवर्द्धनको लागि पैरवी गर्ने औजारको रुपमा उपयोगी हुने अपेक्षा गरिएको छ ।

श्रम ऐन २०७४, परिच्छेद १२ ले औद्योगिक/व्यापारिक सुरक्षा र स्वास्थ्य परिच्छेदको व्यवस्था गरेको छ जसले सुरक्षा सामग्रीको प्रयोग, कार्यस्थल सुरक्षा आदिलाई समेटेको छ । नेपालका शहरी क्षेत्रहरुमा मानव मलमुत्र व्यवस्थापनको लागि संस्थागत र नियामक खाका २०१७ मा संभावित सबै सरोकारवालाहरुको जिम्मेवारी र दायित्वलाई परिभाषित गरेको छ । यसैगरी यसमा समग्र दिसाजन्य लेदो व्यवस्थापन सेवा श्रृंखला अन्तर्गत सुरक्षित संकलनदेखि विसर्जन/प्रशोधनसम्मको विषयवस्तुबारे चर्चा गरेको छ ।

**व्यवसायजन्य स्वास्थ्य सुरक्षा नीतिमा उल्लेख भएका व्यवस्थाहरु :**

- सुरक्षा र स्वास्थ्य समिति गठन ।
- शिशु स्याहार केन्द्र समेतको व्यवस्था ।
- कार्यस्थल सुरक्षा, कार्यस्थलको वातावरण, र विशेष श्रम परीक्षण ।
- पेसागतरुपमा कार्यरत महिला कर्मचारीको लागि अतिरिक्त आराम अवधि ।
- स्वास्थ्य जोखिम भएको कामको सुरक्षाको सम्बन्धमा विशेष व्यवस्था गरेको छ तर उक्त ऐनले सफाइ कर्मीहरुको स्वास्थ्य र उत्थानबारे छुट्टै बोलेको छैन ।

## २.१ अवस्था विश्लेषण

सुरक्षित सरसफाइ अभ्यासको लागि दिसाजन्य लेदो संकलन ट्यांकीलाई समय मै रित्याउने, उचित प्रकारले ढुवानी गर्ने, प्रशोधन केन्द्रको प्रभावकारी संचालन र दिसाजन्य लेदोलाई निश्चित स्थानमा विसर्जन गर्ने कार्य निकै महत्वपूर्ण हुन्छ । यी सुरक्षित अभ्यासहरुले केवल स्वास्थ्य र जीवनस्तरलाई मात्रै सुरक्षा प्रदान गर्दैन बरु वातावरणीय जोखिमलाई पनि न्यूनिकरण गर्दछ । दिसाजन्य लेदो व्यवस्थापनको लागि अन्य नयाँ शहरहरु झैं चन्दननाथ नगरपालिका पनि स्थलगत सरसफाइ प्रणालीमा निर्भर छ । यो नगरपालिकामा ढलको व्यवस्था नहुँदा स्थलगत सरसफाइ प्रणाली प्रयोग गर्नेहरुको संख्या बढ्दो छ र अधिकांशले एक खाल्डो, दुई खाल्डो र होल्डिंग ट्यांकी, सेप्टिक ट्यांकी आदिको प्रयोग गर्दछन् ।

दिसाजन्य लेदो व्यवस्थापनको सम्बन्धमा यो शहरमा देखिएको मुख्य समस्या भनेको रित्याउने, व्यवस्थित प्रकारको सेवा प्रदायकहरुको अभाव, दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी ज्ञानको कमी रहेका छन् । दिसा र यसमा हुने हानिकारक किटाणु र जीवाणुको साथै सेप्टिक ट्यांकीबाट निस्किने ग्याससँग सिधै सम्पर्क आउँने सफाइकर्मीलाई स्वास्थ्यमा समस्या हुनसक्छ । अझै यो शहरमा अधिकांश सफाइकर्मीहरुले सुरक्षाको प्रोटोकलको पालना नगरीकनै सेवा दिइरहेको पाइएको छ ।

मध्यावधि समीक्षाको प्रतिवेदन (Mid Term Review) को आधारमा हेर्दा चन्दननाथ नगरपालिका भित्रका घरहरुका खाल्डो र सेप्टिक ट्यांकीहरु नियमितरुपमा वा समयमै खाली गरिँदैन भने अर्कोतिर रित्याउने सेवा पनि समयमा उपलब्ध भएको पाइदैन । खाल्डो भरिएपछि सेवा प्रदायक (व्यवस्थित वा अव्यवस्थित, बिना उपकरणको प्रयोग मानिस आफैले वा

यान्त्रिक विधि) ले विभिन्न विधिहरुबाट खाल्डो खाली गर्ने गरेको पाइन्छ । उक्त सर्वेक्षण प्रतिवेदन अनुसार चन्दननाथ नगरपालिकामा भरिएका सेप्टिक टैंकहरु मध्ये जम्मा ०.६९ प्रतिशतले समयमै रित्याउने कार्य गर्ने गर्दछन् भने जसमा लगभग ९७ प्रतिशत टंकि वा खाल्डोहरु घरधनी आफैले र बाँकी ३ प्रतिशत निजि सेवा प्रदायकबाट रित्याउने कार्य भइरहेको पाइन्छ । करिव ४७ प्रतिशत खाल्डो वा टंकीहरु प्रभावकारी एवं सुरक्षित हिसावले खालि गरिन्छ भने करिव ५० प्रतिशत टंकि वा खाल्डोहरु हालसम्म खालि गरिएको छैन । नगर क्षेत्रभित्रका करिव २.२ प्रतिशत घरधुरीहरुसंग शौचालय छैन र खुल्लामा दिसा गर्ने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ (स्रोतः मध्यावधि समीक्षा प्रतिवेदन २०२१) ।

चन्दननाथ शहरमा हालसम्म दिसाजन्य लेदो व्यवस्थापनका लागि व्यवसायिक सेवा प्रदायकको रुपमा जुम्ला उद्योग बाणिज्य संघले सेवा दिइरहेको छ । एस एन भी नेपालको सहयोगमा प्राप्त ४ घनमिटरको टेंकरबाट सेवा प्रदा नगरिरहेको संघले टेंकर ढुवानी गर्नका लागि आफ्नै टेक्टर नभएको कारणले पनि  विद्यमान सेवा प्रदायक उद्योग बाणिज्य संघ जुम्लाले आफुले प्रदान गर्ने सेवाको लागि धेरै शुल्क लिने गरेको पाइन्छ जुन कम आय भएका परिवारहरुलाई व्यहोर्न गाह्रो छ ।

एक अध्ययन अनुसार कुल सफाइकर्मी मध्ये ४ प्रतिशतले मात्रै कामको दौरान सुरक्षाका उपायहरु अपनाउँछन् (मानिसहरु नजिक आउनबाट बच्नको लागि कार्यक्षेत्रलाई घेराबन्दी गर्ने, काममा खटिंदा बुट, पन्जा र मास्क लगाउने, काम सकेपछि जानु भन्दा पहिले पोखिएको फोहोर सफा गर्ने, काम सकेपछि कार्यस्थल छोड्नु अघि साबुन र पानीले हात धुने, फोहर नचुहिने गरी गाडिलाई राम्रो संग बन्द गर्ने । यसको अर्थ बाँकी सरसफाई कर्मीहरुलाई पिपिइ उपलब्ध छैन र संक्रमण, चोट, घाउ, रसायनको जोखिम मोलेर कष्टपूर्ण वातावरणमा काम गरिरहेका छन् र केही ज्यादातर अवस्थामा सफाइकर्मीको मृत्यु समेत हुने सम्भावना देखिन्छ । तर उनीहरुको काम र योगदान प्रायः नदेखिने, अपहेलित हुनु पर्ने, भेदभावपूर्ण र निम्नस्तरको काम भन्ने ठानिन्छ ।  यस्ता कार्यमा संलग्न व्यक्तिहरुको सम्मान, स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति गराउनको लागि साथै सन्चालित उपकरणहरुको सुरक्षित उपयोगको निमित्त सुरक्षा कार्यविधिको महत्वपूर्ण भूमिका रहने छ ।

## २.२ उद्देश्य

यस कार्यविधिको सामान्य उद्देश्य दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न सफाइ सेवा प्रदायकहरुको लागि एक सुरक्षित र स्वस्थरुपमा काम गर्ने वातावरण प्रदान गर्नु हो । यो कार्यविधिले दिसाजन्य लेदो व्यवस्थापनको समयमा सेवा प्रदायकले सामना गर्नुपर्ने विभिन्न सम्भावित जोखिमहरुलाई सम्बोधन गर्दछ र नियन्त्रण एवम् न्यूनीकरणको लागि उचित सुरक्षा प्रदान गर्दछ । यसका निश्चित उद्देश्यहरु निम्नानुसार छन् :

- स्वास्थ्य र वातावरण मैत्री दिसाजन्य लेदो व्यवस्थापनका अभ्यासहरु र प्रक्रियाहरुको पहिचान गर्ने ।
- पेसागत स्वास्थ्य सुरक्षा सम्बन्धि खतरा र सम्बन्धित जोखिमको व्यवस्थापन गर्ने ।
- दिसाजन्य लेदो व्यवस्थापनका सरोकारवालाहरुमा सुरक्षाका उपायहरुको जानकारी प्रचार प्रसार गर्ने ।
- दिसाजन्य लेदो व्यवस्थापनमा पेसागत स्वास्थ्य सुरक्षाप्रति संस्थागत जिम्मेवारी प्रवर्द्धन गर्ने
- दिसाजन्य लेदो व्यवस्थापन पेसागत स्वास्थ्य सुरक्षा कार्यविधिलाई संस्थागत गर्ने ।
- व्यवहार परिवर्तन र संचारका सामग्रीको विकास गर्ने ।
- कार्यस्थलमा हुने जोखिम न्यूनीकरण गर्ने वातावरणको सिर्जना गर्ने र यस सम्बन्धी प्रशिक्षण प्रदान गर्ने ।

## २.३ लक्षित वर्ग

यस कार्यविधिको लक्षित वर्गहरु नगरपालिका, निजी सेवा प्रदायकहरु, गैरसरकारी संस्थाहरु र सामाजिक संगठनहरु, सेवाग्राही, सरसफाइकर्मीहरु, योजनाकारहरु, सरसफाइ र स्वास्थ्य क्षेत्रका कार्यान्वयनकर्ताहरु र ती सबै पर्दछन् जो सरसफाइ सेवाहरुको विकास, कार्यान्वयन र अनुगमनको लागी जिम्मेवार छन् ।

## २.४ लैंगिक समावेशिता

नेपालमा दिसाजन्य लेदो व्यवस्थापन मूलतः पुरुष प्रधान पेशा हो । तसर्थ, स्वास्थ्य र सुरक्षाका उपायहरु पुरुष कामदारहरुको आवश्यकताहरुलाई ध्यानमा राखेर तयार गरिन्छ । यो कार्यविधि दिसाजन्य लेदो व्यवस्थापनमा महिला कामदारहरुको बढ्दो सहभागितालाई ध्यानमा राखी तयार गरिएको छ । यसले स्थानीय सरकारहरु र दिसाजन्य लेदो व्यवस्थापन सेवा प्रदायकहरुलाई सबै लैंगिक श्रमिकहरुको बिभिन्न कार्य अवस्थाहरु र कार्यस्थलको लैंगिक समावेशितालाई ध्यानमा राखी लैंगिक संवेदनामैत्री अवधारणाहरुलाई प्रवर्द्धन गर्नको लागि स्पष्ट दिशा प्रदान गर्दछ ।

लैगिक समावेशिता दिसाजन्यलेदो व्यवस्थापनको एउटा प्राथमिकता क्षेत्र हो र नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन सेवाहरुमा लैगिक समावेशिताको लागि निम्न कार्यहरुलाई प्राथमिकता दिनेछ :

- अनुसन्धान, कार्यन्वयन र नीति निर्माणमा व्यवस्थित तरिकाले लैगिंक सहभागिता सुनिश्चित गराउने ।
- पेसागत स्वास्थ्य र सुरक्षा नीति र रणनीति सम्बन्धी निर्णयमा महिलाहरुलाई संलग्न गराउने ।
- महिला र पुरुष कामदारहरुको स्वास्थ्य र सुरक्षा सम्बन्धी आवश्यकताहरु र उनीहरुको काम गर्ने अवस्थामा भएका भेदभावहरुको विश्लेषण र नक्सांकन गर्ने ।
- लैंगिक विभेदको अवस्था बुझ्नको लागि विभेद पहिचान तथा मूल्यांकन कार्य गर्ने र सो का लागि लैंगिक समावेशिता गराउने साथै पीडितको सुरक्षा र लैंगिक बिभेदका घटना न्यूनिकरणका उपायहरुको विकासमा महिलाहरुको आवाज सुन्ने र उनीहरुलाई पनि संलग्न गराउने ।
- लैंगिक संवेदनायुक्त जोखिम न्यूनीकरणका उपायहरुको विकास गर्ने र त्यसलाई अपनाउने ।
- स्वास्थ्य र सुरक्षासम्बन्धी जोखिम न्यूनीकरणमा निवारण र उपचारात्मक दुबै उपायहरुलाई बढावा दिने, निवारणका उपायहरुलाई उच्च प्राथमिकता दिंने ।
- महिला कामदारहरुको लागि पर्याप्त व्यक्तिगत सुरक्षा सामग्री उपलव्ध गराउने जुन उनीहरुलाई मिल्नेगरी डिजाइन गरिएको होस् । महिलाहरुलाई पुरुषको सानो साइजको लुगा र बुट दिने कार्यलाई रोक्ने ।
- दिसाजन्य लेदो व्यवस्थापनमा लैगिक समावेशिकरणलाई प्रवर्द्धन गर्न विधिहरु र औजारहरुको विकास गर्ने र त्यसलाई अपनाउने ।
- सबै लैंगिक वर्गको लागि अनुकूल कार्य अवस्थाको लागि सहजिकरण गर्ने ।
- कामदारहरुको काम र जीवन बीचमा राम्रो सन्तुलनको प्रवर्द्धन गर्ने ।
- सबै लैगिक वर्गका लागि समान कामको अवसर सुनिश्चित गर्ने ।
- समान कामको लागि समान ज्याला सुनिश्चित गर्ने ।
- स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखेर चेतनामूलक अभियान चलाउने ।
- व्यवहार परिवर्तन र संचारका सामग्रीहरु तयार गर्ने ।
- नीति निर्माता र सेवा प्रदायकहरुलाई लैगिक समावेशिता सम्बन्धी तालिम प्रदान गर्ने ।
- गुनासो व्यवस्थापनसम्बन्धी संयन्त्र लागु गरी संचालनमा सुनिश्चित गर्ने । गुनासो व्यवस्थापन प्रक्रियाको विकास र कार्यान्वयन गर्ने ।
- कार्यस्थलमा यौन उत्पीडन र लैगिक हिंसा सम्बन्धी उजुरीहरुलाई उच्च प्राथमिकता दिने ।

# परिच्छेद - ३
# सुरक्षा र स्वास्थ्य जिम्मेवारी

यो कार्यविधिले स्थानीय सरकार (नगरपालिका), सेवाग्राही, गैरसरकारी संस्थाहरु र सामाजिक संगठनहरु लगायतको जिम्मेवारीको बारेमा सुझाव प्रदान गर्दछ ।

## ३.१ स्थानीय सरकार/नगरपालिका

- सबै दिसाजन्य लेदो सफाइ व्यवसायी (यान्त्रिक वा मानबीय) को पूर्ण जानकारीमा आधारित तथ्यांक तयार गर्ने
- नगरभित्र कार्यरत सबै दिसाजन्य लेदो सफाइ व्यवसायी (यान्त्रिक वा मानवीय) को लागि परिचय-पत्र लागु गर्ने
- अनुमति प्राप्त र निर्धारित सेवा प्रदायक जरुरी हुन्छ । बढ्दो अनौपचारिक सेवा प्रदायकहरुसँगै अहिले अनुमति दिने व्यवस्था आवश्यक भैसकेको छ ताकि दिसाजन्य लेदो सफाइ र ढुवानी गर्ने व्यवसायलाई एकद्धार प्रणाली मार्फत नियमन गर्न सकियोस् ।
- नगरपालिकाले हाल प्रयोगमा आइरहेका दिसा संकलन ट्यांकीहरुको सुधारको लागि रणनीति तयार गर्नुपर्दछ र जोखिमयुक्त समुदायमा सेप्टिक ट्यांकी सहितको चर्पी बनाउनको लागि पहल गर्ने ।
- समुदायमा समयमै ट्यांकी रित्याउनको लागि जनचेतना जगाउने ।
- व्यक्तिगत सुरक्षा सामग्री निशुल्क उपलब्ध गराउने ।
- सुरक्षित दिसाजन्य लेदो व्यवस्थापन सेवा श्रृंखलाको विषयमा सबै सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने/तालिम प्रदान गर्ने ।
- दिसाजन्य लेदो सफाइकर्मीहरुको लागि निश्चित कार्य विधि (SOP) स्थानीय भाषामा तयार गर्ने ।
- श्रम ऐन (जहाँ उपयोगी छ) ले निर्दिष्ट गरे अनुसार सुरक्षा समिति गठन गर्ने ।
- प्रभावकारी दिसाजन्य लेदो व्यवस्थापनको लागि स्थानीय सरकार र गैरसरकारी संस्थाबीचको सहयोगको संभावना र अवसरलाई संस्थागत गर्ने ।
- सरसफाइ कार्यको लागि भूमिका र जिम्मेवारीहरु निर्धारण गर्ने ।
- व्यक्तिगत सुरक्षा सामग्रीको उचित प्रयोग र दिसाजन्य लेदोलाई निश्चित स्थानमा विसर्जन सम्बन्धी कार्यको लागि विधिवत अनुगमन प्रणालीको विकास गर्ने ।
- सरसफाइकर्मी कार्य स्थलमा खटिरहँदा भैपरी आउने आकश्मिक दुर्घटनाको समयमा तत्काल स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।
- सरसफाइ सेवाको समग्र कार्यक्षमता अभिवृद्धि गर्न साथै नियमन र अनुगमन गर्न प्रविधिको प्रयोग गर्न सकिन्छ ।
- **रित्याउने, ढुवानी, प्रशोधन र विसर्जन वा पुनः प्रयोग**
  - विभिन्न प्रकारको चर्पी भएका घरधुरीहरु र दिसाजन्य लेदो सफाइ कार्यमा संलग्न संस्था/निकायहरुको तथ्यांक/विवरण संकलन
  - उत्पादन, प्रशोधन र सुरक्षित विसर्जन भएको दिसाजन्य लेदोको परिमाणको अभिलेखिकरण
  - मर्मत संभार क्रियाकलापहरु
  - वातावरणीय अनुगमनका क्रियाकलापहरु तथा यस सम्बन्धि आम गुनासोहरु सम्बोधन गर्ने
  - कामदारले व्यहोरेका जोखिम वापतको प्रोत्साहन उपलब्ध गराउने
- सरसफाइकर्मीहरुको लागि सुरक्षाको लागि सरकारले बिमाको व्यवस्था गर्ने ।
- स्थानीय सरकारले सरसफाइमा व्यवहार परिवर्तनको लागि आवश्यक बजेट बिनियोजन सहित नेतृत्व प्रदान गर्ने

- दिसाजन्य लेदो व्यवस्थापनसँग सम्बन्धीत विमारी र चोटपटकको जोखिममा भएका कर्मचारीहरुको लागि क्षतीपूर्ती प्रदान गर्ने संयन्त्रको विकास गर्ने ।
- सरसफाइकर्मीहरुले प्रयोग गर्ने गरेका व्यक्तिगत सुरक्षा सामग्रीको असल अभ्यासको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय दिवशहरु (विश्व कार्यस्थलमा सुरक्षा र स्वास्थ्य दिवस, विश्व वातावरण दिवश) मा पुरस्कार/सम्मान प्रदान गर्ने

## ३.२ सेवाग्राही

- ट्यांकी खाली गर्ने समयमा घरको मुली वा जिम्मेवार व्यक्तिको उपस्थिति सुनिश्चित गर्ने ।
- ट्यांकी खाली गर्ने कार्य भइरहेको समयमा बच्चाहरुलाई खाल्डोको नजिक जान नदिने र अस्थायी घेराबारको व्यवस्था गर्ने ।
- ३ देखि ४ वर्षको अन्तरालमा खाल्डोलाई नियमित खाली गर्ने ।
- घरका सबै परिवारलाई चर्पीलाई उचित तरिकाले प्रयोग गर्न र सफा राख्नको लागि अभिमुखिकरण गर्ने ।
- दिसाजन्य लेदोलाई सुरक्षित स्थानमा विसर्जन गरेको सुनिश्चित गर्ने र माटोले छोप्ने साथै बच्चाहरुलाई उक्त स्थानमा जान नदिने (यदि दिसाजन्य लेदोलाई स्थानीयस्तरमै व्यवस्थापन गनुपर्ने भएमा)
- कामदारले व्यहोरेका जोखिमको उचित क्षतिपूर्ती हुनेगरी प्रोत्साहन उपलव्ध गराउने ।
- यदि घरका सदस्य स्वयमले खाली गर्ने हो भने दिसाजन्य लेदो चलाउँदा सतर्क रहनुपर्ने र सम्भावित प्रदुषणलाई रोक्नको लागि सुरक्षा सामग्रीहरु लगाउनु पर्ने ।

## ३.३ गैरसरकारी/सामाजिक संस्था

- समयमा खाल्डो/सेप्टिक ट्यांकी रित्याउनको लागि घरधुरीस्तरमा जनचेतना जगाउने र संभावित जोखिम न्यूनीकरणको उपायहरुलाई संचार माध्यमहरु मार्फत प्रचार प्रसार गर्ने ।
- अधिकांश सरसफाइ कर्मीहरु अनौपचारिक रुपमा कार्यरत छन्, तसर्थ उनीहरुसम्म पुग्न सजिलो छैन । उनिहरुलाई औपचारिक तालिममा ल्याउनको लागि प्रभावकारी उपायहरुलाई अबलम्बन गर्ने ।
- स्थानीय सरकारसँगको सहकार्यमा सुरक्षित सरसफाइ प्रणालीबारे सफाइकर्मीको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय सरकारसँगको सहकार्यमा सुरक्षित सरसफाइ प्रणाली सम्बन्धी जनचेतना जगाउने सामग्रीहरुको विकास गर्ने ।
- सरसफाइकर्मीहरुमा व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग र व्यवस्थापन सम्बन्धी ज्ञानको निकै अभाव छ । तसर्थ ती सामग्रीहरुको उचित प्रयोग र व्यवस्थापन कसरी गर्ने भन्ने बारे जानकारी गराउनु एकदम जरुरी छ ।

## ३.४ सेवा प्रदायक/नीजि कम्पनीहरु

खाल्डो खाली गर्ने, चर्पी सफा गर्ने, दिसाजन्य लेदो ढुवानी र प्रशोधन केन्द्र संचालन गर्ने सेवा प्रदायक/नीजि कम्पनीहरुले कार्य सम्पादन गर्दा नियमहरुको पालना गर्नुपर्दछ :

- कम्पनीहरुले आफ्ना सरसफाइकर्मीहरुलाई परिचय-पत्र र कार्यको दौरान पालना गर्नुपर्ने आचार संहिता (गर्न हुने र नहुने काम) को जानकारी गराउने ।
- कार्य थाल्नु अघि व्यक्तिगत सुरक्षा सामग्री अनिवार्य लगाउनुपर्ने व्यवस्था गर्ने ।
- वार्षिक रुपमा स्वास्थ्य परीक्षण र टिटानस्, टाइफाइड, जण्डिस, हेपाटाइटिस बि जस्ता रोग विरुद्धको खोपको व्यवस्था गर्ने ।
- स्वास्थ्य र सुरक्षाको ख्यालगरी काम गर्नको लागि सरफाइकर्मीलाई नियमित तालिम प्रदान गर्ने ।
- सरफाइकर्मीको लागि अनिवार्य दुर्घटना बिमा गर्ने ।

- खाल्डो/सेप्टिक ट्यांकी रित्याउन पहिले मंगाल (म्यानहोल) को ढकनी खुल्ला राख्ने तथा प्रवेश गर्नु अघि अक्सिजनको स्तर मापन गर्ने ।
- टेलिफोन नम्बर लगायत अन्य आकश्मिक सम्पर्क सम्बन्धि जानकारीहरु साझा स्थानमा राख्ने ताकि यस सम्बन्धी सरफाइ कर्मी लाई जानकारी रहोस् ।
- सबै नीजि कम्पनीहरुसँग आवश्यक औषधीसहित प्राथमिक उपचार किटहरु राख्न लगाउने र चोटपटक लागेमा उपचारको लागि जिम्मेवार व्यक्ति तोकिनु पर्ने ।
- नीजि कम्पनीहरुले कार्यस्थलको अवस्थाबारे आफुलाई सधैं अद्यावधिक राख्नुपर्ने, कामको वातावरण र प्रमुख संभावित जोखिमहरु बारे र जोखिमबाट बच्न सफाइकर्मीले गर्ने कामहरु बारे जानकार रहनुपर्ने ।
- कोभिड १९ विश्व महामारीको अवस्थामा सो को प्रोटोकल सम्बन्धी जानकारी र त्यसलाई नियमितरुपमा कार्यन्वयनमा ल्याउने (सामाजिक दुरी, स्यानीटाइजर, मास्क, हातधुने सुविधा, पिपिइको निशंक्रमण)
- सरसफाइ कर्मीले प्रयोग गरेका उपकरण र सुरक्षा सामग्रीहरुको अवस्था थाहा पाउन नियमित निरिक्षण र सर्भेक्षण गर्नु पर्ने ।

# परिच्छेद - ४
# जोखिमको पहिचान र सुरक्षाका उपायहरु

## ४.१ जोखिमको पहिचान

सरसफाइ कर्मचारीहरुद्वारा सामना गर्नुपर्ने जोखिमहरु हाम्रो कल्पना बाहिरका हुन्छन् । जोखिम धेरै रूपमा आउँछ-जसमा हानिकारक ग्याँस र धुवाँ, हल्ला, अपर्याप्त प्रकाश, उपकरणमा खराबी, भावनात्मक, मानसिक एवम् शारीरिक हेपाइ जस्ता जोखिमहरुलाइ लिन सकिन्छ ।

तालिका १ मा सरसफाइ सेवा श्रृंखलाको प्रत्येक चरणमा सरसफाइकर्मीले गर्ने कार्य र त्यससँग जोडिएको जोखिमको एक मुल्यांकन प्रस्तुत गरिएको छ ।

| सेवा श्रृंखलाका चरणहरु | सफाइकर्मीले गर्ने कार्यहरु | जोखिमका प्रकारहरु | सुरक्षा उपायहरु |
|---|---|---|---|
| दिसाजन्य लेदो संकलन ट्यांकी | घरको चर्पी सफाइ, सार्वजनिक चर्पीको सफाइ, संस्थागत ( विद्यालय, स्वास्थ्य केन्द्र चर्पीको सफाइ | रसायनको जोखिम, भौतिक जोखिम, मानसिक जोखिम | सुरक्षा सामग्री लगाउने रोकथाम नियन्त्रण र स्वच्छता उपायहरु |
| रित्याउने | व्यक्ति स्वय्म सिधै रित्याउने ( घरधनी, अनौपचारिक सेवा प्रदायक) यान्त्रिक विधि मार्फत् रित्याउने | जैविक जोखिम, रसायनको जोखिम, भौतिक जोखिम, मानसिक जोखिम | सुरक्षा सामग्री लगाउने रोकथाम नियन्त्रण र स्वच्छताका उपायहरु |
| ढुवानी | ठेलागाडीमार्फत म्यानुवल ढुवानी, गाडिमार्फत् यान्त्रिक ढुवानी | रसायनको जोखिम, भौतिक जोखिम,, जैविक जोखिम, | सुरक्षा सामग्री लगाउने रोकथाम नियन्त्रण र स्वच्छता उपायहरु |
| प्रशोधन | प्रशोधन केन्द्रमा फोहरपानी र ठोस लेदोको रेखदेखग कार्य | रसायनको जोखिम, भौतिक जोखिम | सुरक्षा सामग्री लगाउने रोकथाम नियन्त्रण र स्वच्छताका उपायहरु सुधारात्मक उपायहरु |
| विसर्जन/सुरक्षित प्रयोग | म्यानुवल विसर्जन यान्त्रिक विर्सजन | जैविक जोखिम, भौतिक जोखिम | सुरक्षा सामग्री लगाउने रोकथाम नियन्त्रण र स्वच्छताका उपायहरु |
| उपचार/सुरक्षित प्रयोग | सुकेको लेदोको प्याकेजिंग माटोमा मिसाउने कार्य, भण्डारण गर्ने कार्य | जैविक जोखिम, भौतिक जोखिम | सुरक्षा सामग्री लगाउने रोकथाम नियन्त्रण र स्वच्छताका उपायहरु |

### ४.१.१ जैविक जोखिम

जैविक जोखिम अन्तर्गत स्वास्थ्यमा नकारात्मक असर गर्ने भाइरस, ब्याक्टेरिया, हेल्मिन्थ, प्रोटोजोवा, किटपतंग, जनावर र कूहिने ठोस पदार्थ आदि पर्दछ । यसबाट छाला चिलाउने र श्वासप्रश्वास प्रणाली, छाला र आंखामा संक्रमण फैलिने सम्मको असर हुन सक्छ । सरसफाइ कर्मचारीहरु शौचालय सफाइ, खाडल र सेप्टिक टैंक सफाइ, दिसाजन्य लेदो चलाउने, ढल निकास र म्यानहोल सफाइमा संलग्न हुन्छन् र ढल र दिसाजन्य लेदो फोहोर प्रशोधन र विसर्जन केन्द्रमा काम गर्ने

हुन्छन् । कामको क्रममा उनीहरु कार्यस्थलमा हुने सूक्ष्म जीव र ब्याक्टेरिया र कुहिने जैविक पदार्थको कारण धेरै जोखिममा हुन्छन् । जोखिमको कारण उनीहरु विभिन्न संक्रामक रोगहरु, छालाको समस्याहरु र श्वास-प्रश्वास सम्बन्धी समस्याहरुबाट प्रभावित हुन्छन् ।

### ४.१.२ रसायनिक जोखिम

रासायनिक जोखिम हानिकारक पदार्थहरुको कारण हुन्छ । ढल निकास र सेप्टिक ट्यांकी भित्र निश्चित स्थान र प्राकृतिक निकास विना मर्मत प्वालहरुले विषाक्त ग्याँसहरु र अक्सिजनको अभाव हुन्छन् । यी स्थानहरुमा काम गर्दा सुरक्षा सामग्रीको उपयोग नगर्ने सरसफाइ कर्मी तथा कर्मचारीहरु जो ढल निकास र सेप्टिक ट्यांकी सफाइ कार्यमा लामो समयसम्म खटिरहन्छ, उनिहरुलाई विभिन्न स्वास्थ्य जोखिमहरु जस्तै आँखा, छाला चिलाउने, टाउको दुखाइ, ज्वरो, दम, रिंगटा लाग्ने, थकान, लामो समय सम्म श्वास-प्रश्वास सम्बन्धी रोगहरु लाग्न सक्छ ।

### ४.१.३ भौतिक जोखिम

सेप्टिक ट्यांकी र ढल निकासमा कम उचाई, अप्रयाप्त किरण, धारिलो वस्तुहरु (सूइ, शिशा, धातु, ढुंगा) हुन सक्छ । सेप्टिक ट्यांकीको स्थलगत सरसफाइ प्रणालीका सफाइकर्मीहरु कामको दौरान दुर्घटनाको जोखिममा हुन्छ । ढल र खाल्डोमा काम गर्दा भऱ्यांग चढ्दा/झर्दा र चिप्लो सतहले गर्दा पटक-पटक दुर्घटनाहरु हुन्छ । नियन्त्रित कार्यस्थलमा धेरै जोखिम जस्तै अक्सिजनको कमी, प्रज्वलनशील वातावरण, विषाक्त वातावरण, अत्यधिक गर्मी, ध्वनी, चिप्लो वा भिजेको सतह र वस्तु आदि खसेर चोटपटक लाग्ने संभावना हुन्छ । नियन्त्रित कार्य स्थलमा सिमित प्रवेश र निस्कने द्वार हुने हुँदा आवत जावतमा कठिनाइ हुन्छ । सानो प्रवेशद्वारले उपकरणको ओसारपसारमा अवरोध पनि गर्न सक्छ ।

### ४.१.४ मानसिक जोखिम

मानसिक जोखिम भनेको सरसफाइ कार्यमा संलग्न कामदारको मानसिक स्वास्थ्य र जिवनस्तरमा नकारात्मक असर गर्ने जोखिम हो । उदारणको लागि, तनाव, लाज, भेदभाव, हिनताबोध आदि ।

## ४.२ सुरक्षा उपायहरु र त्यसको मापदण्ड

सफाइकर्मीले सबै प्रकारका सु-सूचित जोखिमहरु जस्तै जैविक, रसायनिक र भौतिक जोखिम न्यूनीकरणको लागि कार्यस्थलमा अधिकतम सावधानीका उपायहरु अनिवार्य पालना गर्नुपर्दछ र सबैको लागि पेसागत स्वास्थ्य र सुरक्षामा सुनिश्चिता हुनु पर्दछ ।

### ४.२.१ पिट/सेप्टि ट्यांकी रित्याउदा सुरक्षाका उपायहरुः

| मानिसद्वारा सफा गर्ने व्यवसायी | यान्त्रिक प्रविधिको प्रयोग गरेर सफा गर्ने व्यवसायी | घरधनीहरु |
|---|---|---|
| **स्थलगत सरसफाइः**<br>• साँघुरो प्रवेश र निकास द्वार भएको नियन्त्रित कार्यस्थलमा प्रवेश गर्दा सम्भावित जोखिमको मुल्यांकन गर्ने ।<br>• खाल्डो वा सेप्टिक ट्यांकीमा प्रवेश गर्नु पहिले खुल्ला राखनु पर्दछ । यसले भित्रको विषाक्त ग्यास वाहिर निस्कने र स्वच्छ हावा ट्यांकी भित्र प्रवेश गर्दछन । | • ट्यांकीभित्रको लेदो घोल्न र सफाइको लागि पानीको उपलव्धता सुनिश्चित गर्ने ।<br>सेवाको क्रममा समस्या नआओस् भनेर यान्त्रिक | • विभिन्न प्रकारका जोखिमहरुबाट आफु बच्नको लागि सबै प्रकारको व्यक्तिगत सुरक्षा सामग्री लगाउने । |

| | | |
|---|---|---|
| • शरिरमा भएका घाउमार्फत् संक्रमण हुन नदिन रबरको पन्जा लगाउने ।<br>• मंगाल (Man hole) मा सजिलो प्रकारको ढक्कन हुनुपर्दछ र ढक्कन खोल्दा सावधानी अपनाउनुपर्दछ ।<br>• प्रवेश गर्नु अघि जम्मा भएको लेदोको गहिराइ नाप्नुपर्दछ । आवशयक परेमा भरयाङ पनि प्रयोग गर्न सकिन्छ ।<br>• खाली गरिसकेपछि वरपर पोखिएका छिटाहरुलाई राम्ररी सफा गर्ने ।<br>• विभिन्न प्रकारका जोखिमहरुबाट बच्नको लागि व्यक्तिगत सुरक्षा सामग्री (पन्जा, मास्क, जुत्ता) लगाउने ।<br>• काम सकिए पछि राम्रोसित साबुन पानीले हात धुने ।<br>• काम सकेपछि नुहाउने ।<br>• किटाणुको संक्रमण कम गर्न कपडा धोएर सुकाउने र सफा कपडा लगाउने ।<br><br>**ढलनिकास प्रणाली:**<br>• मर्मत गर्दा र सफा गर्दा कार्यस्थललाई घेराबन्दी गर्ने<br>• बाटोमा काम गर्दा चम्किने चिन्ह सहितको लुगा लगाउने ।<br>• मंगालभित्र प्रवेश गर्नु अघि अक्सिजनको मात्रा परिक्षण गर्ने<br>• प्रवेश गर्नु अघि प्रज्वलनशील ग्यास एनालाइजरको प्रयोग गरी ढल र सेप्टिक ट्यांकी भित्रको ग्यासलाई मापन र परीक्षण गर्ने<br>• मंगालको ढक्कनी खोल्दा हात भन्दा उपकरणको प्रयोग गर्ने | उपकरण र सक्सन पाइपलाई नियमित रुपमा मर्मतसंभार गरी दुरुस्त राख्ने<br><br>• खाली गरिसकेपछि वरपर पोखिएका छिटाहरुलाई राम्ररी सफा गर्ने ।<br>• खालि गर्नु अगाडि कार्यस्थलमा घेरवार गर्ने<br>• काम सकिए पछि राम्रोसित साबुन पानीले हात धुने ।<br>• काम सकेपछि नुहाउने ।<br>• किटाणुको संक्रमण कम गर्न कपडा धोएर सुकाउने र सफा कपडा लगाउने । | • भाँडोमा संकलन गरेर सुरक्षित तरिकाले ढुवानी गर्ने<br>• खाली गरिसकेपछि वरपर पोखिएका छिटाहरुलाई राम्ररी सफा गर्ने ।<br>• स्वच्छताको उपाय कायम गर्ने<br>• खाना खानुअघि राम्रोसित हात धुने ।<br>• काम सकेपछि नुहाउने ।<br>• किटाणुको संक्रमण कम गर्न सफा कपडा लगाउने । |

### ४.२.२ ढुवानी सम्बन्धित सुरक्षा उपायहरु

**मानिसद्धारा ढुवानी गर्ने**

- प्रयोग गरिएको उपकरणलाई ढुवानीगर्नु भन्दा पहिले निसंक्रमण गर्ने ।
- लेदो व्यवस्थापनको उपकरण लिएर सार्वजनिक यातायातको प्रयोग नगर्ने ।

**यान्त्रिक प्रविधिको प्रयोग गरेर**

- गाडीको ट्यांकी नचुहिने र बलियो प्रकारको लक प्रणाली भइको  जुन अन्य गाडि तथा भवनसँग ठोकिंदा पनि नचुहियोस् ।
- सबै इन्लेट र आउटलेट जडान सजिलै सफा गर्न मिल्ने हुनुपर्दछ ।
- गाडीलाई नियमितरुपमा निरक्षण गर्ने साथै भ्याकुम ट्रक र पम्पिंग मेशिनको चालु अवस्थाको जाँच गर्ने र पाइपमा चुहिने प्वालहरु जाँच गर्ने ।
- सबै इन्लेट र आउटलेट जडानलाई ढुवानीको दौरान नचुहिने वा नपोखिने गरी बनाइएको हुनुपर्दछ ।
- व्यक्तिगत सुरक्षा सामग्री जाँच गर्ने र अनिवार्यरुपमा–ढुवानीको बेला  प्रयोग गर्ने ।

- गाडीमा प्राथमिक किट, ग्यास पत्ता लगाउने बत्ति, आगो निभाउने यन्त्र, निसंक्रमण र पोखिन नदिने उपकरणको जडान भएको निश्चित गर्ने ।
- राम्रो व्यक्तिगत स्वच्छता सुनिश्चित गर्न सफाइ कार्य सम्पन्न भएपछि उचित तरिकाले उपकरण आदि सफा गर्ने र साबुन पानी हातखुट्टा धुने ।
- सडकमार्गबाट पहुँचको निरिक्षण गर्ने (खाल्ड-खुल्डीबाट जोगाउने, चुहावट हुन नदिने ।
- ट्राफिक जामबाट बच्न ढुवानीको समय तालिका मिलाउने जस्तो कि बिहानै अथवा साँझको समयमा

### ४.२.३ सुरक्षित विसर्जन सम्बन्धी सुरक्षा उपायहरु

**मानिसद्धारा**

- नदि, खोला, खेतियोग्य जमिन, र व्यक्तिगत जमिनमा लेदोलाई विसर्जन गर्नु हुदैन ।
- कार्यस्थल नजिकै पिट अथवा ट्रेन्चमा लेदोलाई विसर्जन गर्न सकिन्छ र जमिनमूनिको पानीको सतह कम्तिमा २ मिटर तल हुनु पर्दछ ।

**यान्त्रिक प्रविधिको प्रयोग गरेर**

- नगरपालिकाले व्यवस्था गरेको निश्चित स्थान वा प्रशोधन केन्द्रमा दिसाजन्य लेदोको विसर्जन गर्ने ।
- स्वास्थ्य र वातावरणीय जोखिमहरु कम गर्नको लागि दिसाजन्य लेदोलाई नदि, खोला, ढल, खुल्ला ठाउँ र व्यक्तिगत जग्गामा लगेर फाल्न निरुत्साहित गर्ने ।
- विसर्जन स्थलमा अनिवार्य घेराबार हुनुपर्दछ र सिमित प्रवेशद्धार हुनुपर्दछ । ती प्रवेशद्धारमा प्रवेश र निकास सम्बन्धी व्यवस्थित अभिलेख हुनुपर्दछ ।

### ४.२.४ प्रशोधन केन्द्र अपरेटरसंग सम्बन्धित सुरक्षा उपायहरु

**मानिसद्धारा**

- झिंगा भन्किन नदिन साथै अन्य किराहरुलाई रोक्न, चुना वा अन्य सह-प्रशोधनको प्रयोग धेरै गर्ने गरिन्छ । चुनाले गर्दा आखाँ, छाला र फोक्सोलाई असर गर्नुको साथै घाउ बनाउँदछ, त्यसैले कामदारहरुलाई चुना वा अन्य रसायनको प्रयोग र उचित सुरक्षा सामाग्रि प्रयोग सम्बन्धि तालिम दिनु पर्दछ ।

**यान्त्रिक प्रविधिको प्रयोग गरेर**

- यदि प्रशोधन केन्द्रमा अपरेटरले ल्याबटेस्ट गर्नु पर्ने भएमा व्यक्तिगत सुरक्षा सामग्रीहरुको प्रयोग गर्नु पर्दछ ।
- रसायनको सूची उचित तरिकाले राखिएको र चाहिएको बेला उपलब्ध हुनुपर्दछ
- पम्पहरु संचालनको अवस्थामा रहेको निश्चित गरिनु पर्दछ ।
- कन्टेनको क्लोरिन फेर्ने कार्य गर्दा सधै फेस शिल्ड लगाउँनु पर्दछ ।
- दिसाजन्य लेदो प्रशोधन गर्दा कार्यस्थलमा वायुसंचार राम्ररी भइरहेको सुनिश्चित गर्ने ।
- रसायनले विषाक्त, रसायन दुर्घटना, कहिलेकाँहि हानी देखि श्वास-प्रश्वास प्रक्रियासम्म गम्भीर असर गर्न सक्छ । त्यसैले फोहरपानीको वाफबाट बच्नुपर्दछ ।
- कार्यस्थलमा खटिरहँदा हातले अनुहार, मुख आदि स्थानमा छुने गर्नु हुँदैन ।
- बिग्रेको उपकरणका कारण जब कसैले असुरक्षित अवस्था देख्दछ तत्काल सम्बन्धित व्यवस्थापकलाई खबर गर्नुपर्दछ

- प्रशोधन केन्द्रबाट आएको वस्तुको जाँचका साथै प्रयोग पूर्व ठोस जैविक ठोसवस्तुलाई राम्ररी प्रशोधन भएको छ छैन र अनावश्यक वा प्रदुषण नहोस् भन्ने सुनिश्चित गर्नु पर्दछ ।
- क्रस प्रदुषणलाई रोक्नको लागि कार्यस्थलमा हावा नलागोस् भनेर बायु प्रतिरोधी शिल्ड वा गारो लगाउने ।

### ४.२.५ पुनः प्रयोगीय वस्तुसम्बन्धित सुरक्षा उपायहरु

- सुकेको लेदोमा धेरै हानिकारक किटाणु र जीवाणु हुनेहुँदा कामदारहरुले अनिवार्यरुपमा व्यक्तिगत सुरक्षा उपकरण (पिपिइ) लगाउनु पर्दछ ।
- अन्तिममा निस्कने फोहर वस्तुलाई चलाउँदा हातको सट्टा साबेल र अन्य उचित प्रकारको उपकरणको प्रयोग गर्ने ।
- प्रत्येक उपकरणहरुलाई यसको प्रयोगको लागि निश्चित रङ्ग लगाएको हुनुपर्दछ र यसले सम्भावित जोखिमलाई कम गर्दछ ।
- प्रशोधित फोहरपानी पुनः प्रयोग गर्नुपर्ने भएमा, उक्त पानीको गुणस्तर प्रष्टसँग बुझिने र देखिने गरी जानकारी वा संकेत राख्ने ।
- प्रशोधित फोहरपानी वितरणपूर्व क्रस कनेक्सनहरुको जाँच गर्ने ।
- मानिसहरुको कम जनघन्त्व भएको ठाउँमा प्रशोधित फोहरपानी पुनः प्रयोग भइरहेको छ भन्ने प्रकारको सूचना प्रेषित गर्ने । ठाउँ-ठाउँमा प्रशोधित फोहर पानीलाई खानेपानीको लागि प्रयोगबारे सन्देशमूलक जानकारी राख्ने ।

### ४.२.६ व्यक्तिगत सुरक्षा सामग्रीहरु

सरसफाइ सेवा श्रृंखलाको प्रत्येक चरणमा काम गर्दा कामदारहरुलाई व्यक्तिगत सुरक्षा सामाग्रीहरु (पिपिइ) उपलव्ध हुनुपर्दछ र त्यसलाई प्रयोग गरिएको हुनुपर्दछ । सम्पूर्ण कार्यदलले सुरक्षा अभ्यासको महत्वबारे नबुझेसम्म र त्यसलाई अनिवार्य नगरिएसम्म कार्यस्थलमा खटिरहँदा गम्भीर प्रकारका चोटपटकहरु र रोगहरु लाग्न सक्ने जोखिमहरु हुन सक्छन् । यस्ता जोखिमबाट सुरक्षित रहनको लागि सुरक्षा सामग्री अनिवार्य प्रयोग गर्नु पर्दछ । सरसफाइ कर्मीको लागि व्यक्तिगत सुरक्षा सामाग्री अन्तर्गत पन्जाहरु, सुरक्षा चश्मा, एअरप्लग, माक्स, बलियो ह्याट वा हेलमेट, रेस्पिरेटर र सम्पूर्ण शरिर ढाक्ने लुगा पर्दछन् ।

| व्यक्तिगत सुरक्षा सामग्री | जोखिमबाट बच्ने |
|---|---|
|  हेलमेट वा कडा प्रकारको ह्याट | खस्दा, चिप्लिंदा वा खसेको कुनै वस्तु आदिबाट टाउकोमा लाग्न सक्ने चोटपटकबाट बचाउँछ । |
|  सुरक्षा चश्मा | धुलो, रसायन र दिसाजन्य लेदो वा फोहर पानीको छिटाबाट आखाँलाई बचाउँछ । |
|  श्वास फेर्न सहज बनाउने उपकरण वा मास्क | ढलनिकास, ट्यांकी खाली गर्ने र सफा गर्ने क्रममा आउने धुलोहरु, ग्याँसको गन्ध, बाफ साथै दिसाजन्य लेदो वा फोहर पानीको छिटाबाट पनि बचाउँछ । |
|  बुट | खुट्टालाई फोहर पानी, दिसाजन्य लेदो, खतरनाक रसायन, किटाणु, धारिलो वस्तुसँग हुने सम्पर्कबाट बचाउँछ । |
|  पन्जा | हातलाई कामको दौरान रसायन, फोहरपानी, लेदो, धारिलो वस्तु आदिसँग प्रत्यक्ष सम्पर्कबाट बचाउँछ । |

| | |
|---|---|
|  एप्रोन | शरिरलाई रसायन, किटाणु, लेदो, फोहरपानी आदिबाट हुने प्रदुषणबाट बचाउँछ । |
|  रेस्पिरेटर, होज मास्क | शरिरलाई हानीकारक धुलो, वाफ, ग्यास र अक्सिजनको कमी साथै दिसाजन्य लेदो वा फोहर पानीको छिटाबाट पनि बचाउँछ । |
|  एअरप्लग र एअरप्याड | फोहरपानीका थोपाहरु कानमा प्रवेशबाट रोक्छन् । |
|  सुरक्षा बेल्ट | उचाँइबाट खस्नबाट बचाउँछ । यदि पिट भत्किएको अथवा ग्यासले सरसफाइकर्मी वेहोश भएको अबस्थामा, सुरक्षा बेल्टको सहायताले बाहिर निकाल्न सहयोग गर्छ । |

### ४.२.७ रोकथाम, नियन्त्रण र स्वच्छताका उपायहरु

दिसाजन्य लेदोमा विभिन्न प्रकारका ब्याक्टेरिया, भाइरस र अन्य हानिकारक जीवाणहरु हुनसक्छ जसले सफाइकर्मीलाई बिरामी बनाउन सक्छ । तसर्थ काम थाल्नु अघि र कामको दौरानमा, काम सकेपछि सरसफाइकर्मीले स्वच्छताका निम्न उपायहरुलाई ध्यानमा राख्नुपर्दछ :

- सम्पूर्ण व्यक्तिगत सुरक्षाका सामग्रीहरु लगाउने ।
- दिसाजन्य लेदोलाई रित्याउदा, ढुवानि, विर्सजन गर्दा खाने, पिउने र धुम्रपान नगर्ने ।
- काम गर्दा फोहर वा दुषित हातले मुखमा छुने, अनुहार पुच्छने, छालाबाट लेदोको थोपा हटाउने गर्नु हुदैन ।
- रोगबाट बच्न र स्वस्थ जीवन बाँच्नको लागि सफाइकर्मीले कम्तिमा वर्षको एक पटक अनिवार्य स्वास्थ्य जाँच गर्नुपर्दछ ।
- सरसफाइकर्मीहरुले टाइफाइड, हेपाटाइटिस बि, हैजा विरुद्धको खोप अनिवार्य लिनु पर्दछ ।
- दुर्घटना र स्वास्थ्य बिमा अनिवार्य गरेको हुनुपर्दछ ।
- कामको दौरान लगाएका कपडाहरुलाई क्लोरिनको प्रयोग गरेर निसंक्रमण गर्नुपर्दछ । यदि ब्लिचिंग पाउडर प्रयोग गर्ने भएमा १०० लिटर सफा पानीमा १६ ग्राम प्रयोग गर्ने ।
- स्वच्छताका उपायहरु अपनाउने जस्तै हात धुने, नुहाउने तथा घर र काममा अलग अलग लुगा लगाउने ।
- काममा प्रयोग गरिएको उपकरणहरु कार्यस्थलमा नै सफा गर्ने, रित्याउने र ढुवानीमा प्रयोग गरिएको औजारहरुलाई निसंक्रमण गर्ने र त्यस कार्यको लागि मात्र प्रयोग गर्ने । मानिसको सम्पर्कमा नआउने र अन्य प्रयोजनको लागि प्रयोग नगर्नको लागि सुरक्षित रुपमा भण्डारण गर्नु पर्दछ ।

### ४.२.८ सुधारात्मक उपायहरु

क) आकस्मिक सम्पर्क नम्बरहरु:

सफाइकर्मीहरु जोखिमले घेरिएका हुन्छन् । तसर्थ उनीहरु आपतकालीन अवस्थाको लागि तयार रहनुपर्दछ । उनीहरुसँग सहयोगको लागि हस्पिटल, दमकल, एम्बुलेन्स, पुलिस आदिको आकश्मिक सम्पर्क नम्बरहरु हुनुपर्दछ ।




ख) प्राथमिक उपचार टुलबक्सः

सरसफाइको लागि प्रयोग हुने गाडिमा औषधीसहितको प्राथमिक उपचार किट अनिवार्य हुनुपर्दछ । उक्त किटमा कम्तिमा निम्न कुराहरु हुनुपर्दछ ।

१. कैंची
२. कटन स्वाव
३. व्याण्डेज
४ निसंक्रमण लोसन
५. जेल र स्प्रे
६. एन्टी एलर्जी औषधी
७. पारासिटामोल

ग) महिला कामदारहरुको लागि महिनावारी स्वच्छता सुविधाहरुः

सेवा प्रदायकहरुले महिला कामदारहरुका लागि निम्न सुविधाहरु उपलव्ध गराउनु पर्दछ :

- कार्यालय परिसरमा महिनावारी स्वच्छता सुविधा सहितको अलग चर्पी
- आवश्यकता परेको बेला तत्काल प्रयोगको लागि स्यानीटरी प्याड वा कपडाको व्यवस्था
- महिनावारी भएको वेला दुखाई कम गर्ने औषधी/हट वाटर व्याग
- साबुन र पानीले हात धुने स्थानको राम्रो व्यवस्था

**प्रमाणिकरण मितिः २०७९।११।२९**

आज्ञाले,

.............................

प्रमुख प्रशासकीय अधिकृत